# धवलागिरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी

गण्डकी प्रदेश, नेपाल


पत्र संख्या :- २०८३।०८४
चलानी नं :- ५०

मितिः-२०८३/०४/०७
ने.स. ११४६ दिल्लाथ्व नवमी

धवलागिरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मुना, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

**विषयः- स्वतः प्रकाशन पठाईएको सम्बन्धमा।**

श्री जिल्ला हुलाक कार्यालय, म्याग्दी, बेनी।

प्रस्तुत विषयका सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको यस धवलागिरी गाउँपालिकाको चौथो त्रैमासिक स्वतः प्रकाशन यसै पत्र साथ संलग्न गरि पठाईएको बेहोरा अनुरोध गरिन्छ।

...............................
(विष्णु प्रसाद शर्मा)
**प्रमुख प्रशासकीय अधिकृत**

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

## २०८२ बैशाख देखि असार मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

(स्वत: प्रकाशन)

# धवलागिरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**मुना, म्याग्दी**

**Website: www.dhawalagirimun.gov.np**

**Email ID: dhawalagirigapa@gmail.com**

**२०८३ श्रावण ०७ गते बिहिबार**

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| सि. नं. | शीर्षक | विवरण |
|---|---|---|
| १ | निकायको स्वरूप र प्रकृति | **१.पृष्ठभूमि**<br>धवलागिरी गाउँपालिका म्याग्दी जिल्लाको उत्तर पश्चिममा रहेको गाउँपालिका हो। नेपालको संघीय शासन प्रणाली अन्तर्गत राज्य पुनरसंरचनामा स्थानीय तहको नयाँ सिमांकन गर्दा यो गाउँपालिका साविकका ७ वटा गाविसहरु गुर्जा, लुलाङ, मुना, मुदी, सल्कवाङ, मराङ र ताकम गाविस समायोजन भएर नेपालको संविधानको धारा २९५ उपधारा ३ बमोजिम नेपाल सरकारबाट वि.स. २०७३ साल फाल्गुण २७ गते स्थापना भएको गाउँपालिका हो। यसै गाउँपालिका भित्र रहेको विश्वको सातौ तथा नेपालको छैटौ (८१६७ मि.) अग्लो हिमाल धवलागिरी हिमालको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो।<br>धवलागिरी गाउँपालिका म्याग्दी जिल्लाको ४५% भु-भाग ओगटेको गाउँपालिका हो। यसले म्याग्दी जिल्लाको कुल २२८६ वर्ग किलोमिटर भु-भाग मध्ये १०३७ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ। यो गाउँपालिका २८ डिग्री २६ मिनेट देखि २८ डिग्री ४८ मिनेट उत्तरी अक्षांस सम्म फैलिएको छ भने ८३ डिग्री ०६ मिनेट देखि ८३ डिग्री ३३ मिनेट पुर्वी देशान्तर सम्म फैलिएको छ। यो गाउँपालिका समुन्द्रि सतहबाट १२०० मिटर देखि ८१६७ मिटर सम्म फैलिएको छ। यसको उत्तर दक्षिण अधिकतम दुरी ४१ कि.मि. तथा पुर्व पश्चिम ५० कि.मि. हवाई दुरी रहेको छ। यो गाउँपालिका मुख्य रुपमा दक्षिण पुर्वि मोहोडा फर्काएर उत्तर पश्चिम तर्फ फैलिएको छ। यो गाउँपालिका पुर्वमा म्याग्दी जिल्लाको रुघुगंगा गाउँपालिका तथा मुस्ताङ जिल्ला पर्दछ, त्यस्तै पश्चिममा रुकुम पुर्व तथा बाग्लुङ जिल्ला पर्दछ। उत्तर तर्फ डोल्पा जिल्ला र दक्षिण तर्फ बाग्लुङ जिल्ला तथा म्याग्दी जिल्लाकै मालिका गाउँपालिका पर्दछ। यो गाउँपालिका ४ वटा जिल्ला संग जोडिएको छ भने २ वटा गाउँपालिका संग जोडिएको छ।<br>यस धवलागिरी गाउँपालिका ७ वडा मिली बनेको छ, जसमा तपसिल बमोजिमका वडा जनसंख्या र क्षेत्रफल छ र गाउँपालिकाको कार्यालय यसै गाउँपालिका स्थित ३ नं वडा कार्यालय अन्तर्गत घट्टेखोलामा निर्माणाधिन अवस्थामा छ। जस्मा १ नं वडा गुर्जा, २ नं वडा लमसुङ, ३ नं वडा मुना, ४ नं वडा मुदी, ५ नं वडा मल्कवाङ, ६ नं वडा मराङ र ७ नं वडा ताकम गरी कुल जनसंख्या १२६१७ र क्षेत्रफल १०३७ वर्ग कि.मी.मा फैलिएको छ। |
| २ | निकायको काम, कर्तव्य र अधिकार | **प्रमुख कार्यहरु**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, गाउँसभा सञ्चालन कार्यविधि, २०७५, गाउँपालिका (कार्यविभाजन) नियमावली,२०७४, गाउँपालिकाको (कार्य सम्पादन) |

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

धवलागिरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय म्याग्दी, गण्डकी प्रदेश, नेपाल २०७३

| | | |
|---|---|---|
| | | नियमावली, २०७९, गाउँपालिकाको आर्थिक ऐन, २०८२, विनियोजन ऐन, २०८२ तथा अन्य प्रचलित कानुनले तोके अनुसार। |
| ३ | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | यस धवलागिरी गाउँ कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत १ जना, अधिकृत ७ औं तह ७ जना, पाँचौं तह ११ जना र चौथो तह २ जना गरी जम्मा २१ जनाको स्थायी दरबन्दी रहेको छ। सो बाहेक रोजगार सहायक, एम.आई.यस अपरेटर, फिल्ड सहायक, कृषि प्राविधिक, पशु प्राविधिक, सामाजिक परिचालक, हलुका सवारी चालक, कार्यालय सहयोगी लगायत कार्यालय सञ्चालन सम्बन्धी विशेषज्ञ सेवा करारमा लिन सकिने व्यवस्था छ। यस धवलागिरी गाउँ कार्यपालिकाको कार्यालय मातहत ७ वडा कार्यालय, ७ स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई २ र गाउँघर क्लिनिक ५ गरी २१ वटा कार्यालयहरु रहेका छन्। गाउँ कार्यपालिका र मातहतका कार्यालयहरुमा छैटौं तह तर्फ ७, पाँचौ तह तर्फ २५, चौँथो तह तर्फ २३ र श्रेणीविहिन १७ जस मध्य ५५ स्थायी दरबन्दी र १७ सेवा करार गरि जम्मा कुल ७२ जना जनशक्तिको दरबन्दी रहेको छ। |
| ४ | गाउँपालिकाबाट प्रदान गरिने सेवा | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४, गाउँपालिका (कार्यविभाजन) नियमावली,२०७४, गाउँपालिकाको (कार्य सम्पादन) नियमावली, २०७९, तथा अन्य प्रचलित कानुनले तोके अनुसार।<br>• गाउँपालिकाले तयार पारेको नागरिक वडापत्र बमोजिमको सेवाहरु प्रदान गरिएको छ। |
| ५ | सेवा प्रदान गर्ने निकायको शाखागत जिम्मेवारी | (तलको तालिका) |

| सि.नं. | कर्मचारीको नाम, थर | पद | तह | सम्बन्धीत शाखा |
|---|---|---|---|---|
| १ | हरिहर पनेरु | प्रशासकीय अधिकृत | सातौँ | प्रशासन/योजना शाखा/ वातावरण सरसफाई तथा विपद् व्यवस्थापन, सहकारी शाखा |
| २ | विनिता मल्ल | वरिष्ठ लेखा सहायक | पाँचौ | आर्थिक प्रशासन शाखा |
| ३ | सम्झना खाती क्षेत्री | जन स्वा. निरिक्षक | छैटौँ | स्वास्थ्य शाखा |
| ४ | तिलक शंकर पौडेल | आ.ले.प. अधिकृत | छैटौँ | आन्तरिक लेखा परिक्षण शाखा/राजश्व शाखा |

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ५ | राजेन्द्र क्षेत्री | शिक्षा अधिकृत | सातौँ | शिक्षा, युवा तथा खेलकुद शाखा |
| ६ | राजन जि.सी. | ईन्जिनियर | सातौँ | भौतिक तथा पूर्वाधार शाखा |
| ७ | सुरेश कुँवर | सुचना प्रविधि अधिकृत | सातौं | सूचना प्रविधि उपशाखा |
| ८ | चन्द्रकला दाहाल | पशु सेवा प्राविधिक | पाँचौ | पशुपंक्षी विकास शाखा |
| ९ | मौसम यादव | रोजगार सहायक | छैटौ | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| १० | कुलबहादुर खत्री | कृषि प्राविधिक | चौँथो | कृषि शाखा |
| ११ | तेजिन्द्र पुन | एम.आई.एस. अपरेटर | पाँचौ | पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा |
| १२ | पुष्पा दवाडी | स.म.वि. निरिक्षक | चौँथो | महिला बालवालिका शाखा |
| १३ | सुमन बोहोरा | न्यायिक सहजकर्ता | सातौ | न्यायिक समितिको सचिवालय |
| १४ | सुष्मा बि.क. | उ.वि.स. | चौथो | उद्यम विकास शाखा |

| | | |
|---|---|---|
| ६ | सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि | दस्तुर र अवधि नागरिक वडापत्रमा उल्लेख गरिएको साथै नागरिक वडापत्र र दस्तुरको विस्तृत विवरण वेवसाइटमा पनि राखिएको छ। |
| ७ | निर्णय गर्ने प्रक्रिया र अधिकारी | सामान्य निर्णयहरु टिप्पणीको आधारमा शाख प्रमुखबाट, प्रशासकीय निर्णयहरु प्रमुख प्रशासकीय अधिकृतबाट र अन्य निर्णयहरुको हकमा विषयवस्तु हेरी गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष, गाउँ सभा र गाउँ कार्यपालिकाको बैठकबाट गर्ने व्यवस्था रहेको छ। जसलाई क्रमिक रुपमा यसरी हेर्न सकिन्छः<br>• गाउँ सभा<br>• गाउँ कार्यपालिका<br>• गाउँपालिका अध्यक्ष |

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

<table>
<tr><td></td><td></td><td>• गाउँपालिका उपाध्यक्ष<br>• प्रमुख प्रशासकीय अधिकृत<br>• शाखा प्रमुख</td></tr>
<tr><td>८.</td><td>निर्णय उपर उजुरी सुन्ने अधिकारी</td><td>• गाउँपालिका अध्यक्ष<br>• गाउँपालिका उपाध्यक्ष<br>• प्रमुख प्रशासकीय अधिकृत</td></tr>
<tr><td>९</td><td>सम्पादन गरेको कामको विवरण</td><td>
यस धवलागिरी गाउँ कार्यापालिकाको कार्यालय मातहत रहेका शाखा उपशाखाहरुले सम्पादन गर्ने वार्षिक कार्य योजना तयार गरी स्वीकृत गर्ने गरेको र सोही बमोजिम कार्य सम्पादन हुने गरेको छ ।<br>
क. प्रशासन शाखा<br>
• चौथो त्रैमासिक अवधिमा ८ पटक कार्यपालिका बैठक र बर्षे अधिवेसन(बैठक संख्या २) सञ्चालन गरी विभिन्न महत्वपूर्ण विषयहरुमा छलफल तथा निर्णय गरिएको ।<br>
• कार्यालय अन्तर्गत रिक्त रहेको पदहरुका लागि करार सेवा पदपूर्ति सम्बन्धी सूचना प्रकाशन गरि दरखास्त संकलन गरिएको ।<br>
• गाउँपालिकाबाट विभिन्न कार्यालय तथा मन्त्रालयहरु लाई उपलब्ध गराउने पत्राचार गरिएको ।<br>
• सामाजिक सञ्जाल तथा वेवसाईमा कार्यपालिकाको निर्णयहरु, गाउँपालिका कार्यालयबाट जारी विभिन्न सूचनाहरु, शाखागत प्रतिवेदनहरु राखी प्रचार तथा सार्वजनिक गरिएको ।<br>
• कर्मचारीहरुको लागि हाजिरी ब्यवस्थापन तथा सुशासन कायम गर्नको लागि ई-हाजिरी कार्यान्वयनमै रहेको ।<br>
ख. आर्थिक प्रशासन शाखा<br>
आ.व. : २०८२/८३ अवधी : २०८३/०१/०१-२०८३/०३/३२
<table>
<tr><th colspan="3">बजेट</th><th colspan="3">खर्च</th><th rowspan="2">खर्च (%)</th></tr>
<tr><th>चालु</th><th>पूंजीगत</th><th>जम्मा</th><th>चालु</th><th>पूंजीगत</th><th>जम्मा</th></tr>
<tr><td>३६५८९५५६३।-</td><td>१४७०३५०००।-</td><td>५१२९३०५६३।-</td><td>२६२१६०५५२.६३</td><td>८९१३२०२८।-</td><td>३५१२९२५८०.४३</td><td>६८.४८</td></tr>
</table>
ग. राजश्व शाखा
<table>
<tr><td colspan="4">आ.व. : २०८२/८३ अवधी : २०८३/०१/०१-२०८३ साल असार मसान्त सम्म</td></tr>
<tr><th>क्र.सं.</th><th>संकेत</th><th>राजस्व संकलन गर्ने कार्यालय</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>८०४४४५०२३००</td><td>धवलागिरी गाउँपालिकाको कार्यालय</td><td>१०३६८४०.८२</td></tr>
</table>
</td></tr>
</table>

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| २ | ८०४४४५०२३०१ | १ नं. वडा कार्यालय, गुर्जा | १७३९८८.४९ |
| ३ | ८०४४४५०२३०२ | २ नं. वडा कार्यालय, लमसुङ | १७०८८५.५६ |
| ४ | ८०४४४५०२३०३ | ३ नं. वडा कार्यालय, मुना | ६१७८३०.०१ |
| ५ | ८०४४४५०२३०४ | ४ नं. वडा कार्यालय, मुदी | ४७७३६०.९५ |
| ६ | ८०४४४५०२३०५ | ५ नं. वडा कार्यालय, मल्कवाङ | २०१४९३.२४ |
| ७ | ८०४४४५०२३०६ | ६ नं. वडा कार्यालय, मराङ | ३४५४२१.१३ |
| ८ | ८०४४४५०२३०७ | ७ नं. वडा कार्यालय, ताकम | ६०६१६१.४१ |
| जम्मा | | | ३६२९९८०.६१ |

## घ. शिक्षा, युवा तथा खेलकुद विकास शाखा:

• आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान(विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) चौथो त्रैमासिक निकासा भएको।

• माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान(विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) चौथो त्रैमासिक निकासा भएको।

• प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान चौथो त्रैमासिक निकासा भएको।

• कक्षा १-५ को स्थानीय पाठ्यपुस्तक छपाई तथा सम्पूर्ण सामुदायिक विद्यालयलाई निकासा गरियो।

• पालिका स्तरिय नियमित प्र.अ बैठक २ वटा र शिक्षा समितिको बैठक १ वटा बसि विभिन्न महत्वपूर्ण विषयहरुमा छलफल तथा निर्णय गरिएको।

• यस पालिका भित्रका सम्पूर्ण विद्यालयहरुमा पाठ्यपुस्तकको निकासा गरिएको

• तोकिएका विद्यार्थिको लागि निशुल्क सेनेटरी प्याड खरिद तथा सामुदायक विद्यालयमा वितरण

• विपन्न लक्षित छात्रवृति तथा नियमित छात्रावृतिको विद्यालयलाई निकासा

## ङ. पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा

• तेस्रो त्रैमासीक सामाजिक सुरक्षा भत्ता वितरण गरिएको।

| सा.सु.किसिम | कुल लाभग्राहि | भुक्तानी सफल |
|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | १५८० | १८८८९३९८ |
| जेष्ठ नागरिक भत्ता(दलित) | २९२ | २३१७८३५ |
| जेष्ठ नागरिक एकल महिला | १५१ | १२०४९८० |
| विधवा | १८० | १४१२४६० |
| पूर्ण अपाङ्गता भत्ता | २९ | ३४७१३० |
| अति अशक्त अपाङ्गता भत्ता | १८१ | ११५३३७६ |

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| दलित बालवालिका भत्ता | ४६० | ७०६९४९ |
| कुल जम्मा | | २६०३२१२८ |

• व्यक्तिगत घटनादर्ता को प्रथम त्रैमासिक प्रगति विवरण
दर्ता मिति २०८३/०१/०१ देखि २०८३/०३/३२ सम्मः

| जन्म | मृत्यु | सम्बन्ध विच्छेद | विवहा | बसाई सरी आएको | बसाई सरी जाने |
|---|---|---|---|---|---|
| ६८ | ३५ | ८ | ३५ | ० | २१ |

**च. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा**

• अपाङ्गता परिचय पत्र वितरण अति अशक्त अपाङ्गता परिचय पत्र ४ वटा वितरण गरिएको ।

• वडा नं २, ३, ४ र ७ मा वडा स्तरीय बाल क्लब गठन गरिएको र बाँकी वडाहरुमा प्रक्रियामा रहेको,

• बाल क्लबका पदाधिकारीलाई अभिमूखीकरण प्रदान गरिएको ।

**छ. भौतिक तथा पूर्वाधार विकास शाखा**

• धवलागिरी गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार भौतिक तथा पूर्वाधार तर्फ प्रत्येक वडाहरुमा उपभोक्ता समितिबाट सञ्चालन आयोजनाहरुको निर्माण कार्य सम्पन्न भई अन्तिम किस्ता रकम भुक्तानीका लागि सिफारिस गरिएको ।

• धवलागिरी गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार भौतिक तथा पूर्वाधार तर्फ प्रत्येक वडाहरुमा ठेक्का मार्फत सञ्चालन हुने १० वडा योजनाहरु सम्झौता तथा म्याद थप भई कार्यान्वनमा रहेकोमा असार मसान्त सम्म ७ वटा निर्माण योजनाहरुको निर्माण कार्य सम्पन्न भएको साथै ७ वटा आयोजनाहरु आ.व. २०८३/०८४ लाई दायित्व सारिएको ।

**• स्वास्थ्य शाखा**

• २०८२/१२/०१ देखि २०८३ साल असार मसान्त सम्म

• मासिक बैठक सञ्चालन गरेको

• VIA Program (गुर्जा स्वास्थ्य चौकिमा) ३१ जना सेवाग्राहिले सेवा लिइएको,

• पालिका खोप समन्वय समितिको बैठक सञ्चालन भई विभिन्न खोप सम्बन्धि निर्णय गरिएको,

• पालिका पुर्णखोप समितिको तथा जिल्ला स्तरिय सुलभ सर्वेक्षण टोलिको बैठक सम्पन्न गरिएको,

• पूर्णखोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा कार्यक्रम सम्पन्न भएको,

• नियमित खोप सुदृढिकरण पूर्णखोप सुनिश्चितता र दिगोपना तथा सुक्ष्म योजना अध्यावधिक र सरसफाई प्रवर्दन प्याकिज कार्यक्रम सम्पन्न भएको,

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | धवलागिरी गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>मुना, म्याग्दी<br>गण्डकी प्रदेश, नेपाल<br>२०७३ | • किशोरकिशोरिलाई महिनावारी स्वास्थ्य र व्यवहारमा सकरात्मक परिवर्तन सम्बन्धि विद्यालय शिक्षा कार्यक्रम ३ नं वडा मुनामा सञ्चालन गरियो जसमा ४५ जना किशोरकिशोरिहरु सहभागी भएको,<br>• मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम सम्बन्धि जनचेतना कार्यक्रम ४ नं वडा मुदी र २ नं वडा लुलाङमा सम्पन्न गरियो जसमा सहभागि संख्या १३५ जना रहेको<br>• चौथो त्रैमासिक अवधिमा ७ वटै स्वास्थ्य चौकमा जम्मा १४ जना प्रसुति गराइएको,<br>• चौथो त्रैमासिक अवधिमा ७ वटै स्वास्थ्य चौकमा जम्मा १० जना सुरक्षित गर्भपतन गराइएको,<br>**ज. रोजगार शाखा**<br>• यस धवलागिरी गाउँपालिकाका सबै वडाहरुमा सुचिकृत बेरोजगारीहरुलाई रोजगार दिने कार्यक्रम अन्तर्गतका आयोजनाहरुको निर्माण कार्यको लागि समिति गठन गरी १९ वटा आयोजनाहरू सम्झौता भई १९ वटा आयोजनाहरुको निर्माण सम्पन्न भई अन्तिम भुक्तानी उपलब्ध गरिएको।<br>• बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको गाउँपालिका कार्यालयबाट श्रम स्वीकृति उपलब्ध गराइएको।<br>• आ.व. २०८३/०८४ को लागि बेरोजगार व्यक्तिको दर्ता फारम सङ्कलन गरी ७८३ जना बेरोजगार व्यक्तिहरुलाई EMIS प्रणालिमा दर्ता गरियो।<br>• दक्ष कामदार नक्साङ्कन र दर्ताका लागि सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश पोखरा र धवलागिरी गाउँपालिकाको कार्यालय बिच सम्झौता भई यस गाउँपालिकाको वडा नं ३ र ७ मा ४८७ जना दक्ष कामदारको नक्साङ्कन गरीयो।<br>• सुरक्षित आप्रवासन अन्तर्गत सामी कार्यक्रमको सुरक्षित वैदेशिक रोजगार सम्बन्धि गहन अभिमुखिकरण तथा सूचना प्रवाह साथ साथै मोनोशिक्षा कार्यक्रम सम्पन्न भएको।<br>**झ. पशु सेवा शाखा**<br>• नियमितरुपमा किसानको घर गोठमै गएर दैनिक पशु उपचार सेवा प्रवाह गरेको।<br>• यस गाउँपालिकाका ७ वटा वडाहरूमा जम्मा १५४१९ पशुपन्छीहरुमा पि.पि.आर, एफ.एम.डि., आई एस.डि, रेबिज र एच.एस विरुद्धको खोपहरु लगाइएको।<br>• चालु आ.व. २०८२ को माघ महिना देखि चैत्र महिना मसान्त सम्म १५४१९ पशुको उपचार सेवा गरिएको। |
| | | **ञ. न्यायिक समितिको सचिवालय**<br>• दफा ४७(१) सँग सम्बन्धित ज्याला मजदुरी नदिएको र सम्बन्ध विच्छेद सम्बन्धि ३ वटा दर्ता निवेदन सबै मेलमिलापको माध्यमबाट फर्छ्यौट भएको, |

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | • दफा ४७(२) सँग सम्बन्धित निजि जग्गा अतिक्रमण, साँध सिमाना मिचेको, कुटपिट, सहकारी र सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धि १ वटा विवादहरु दर्ता भई मेलमिलापको माध्यमबाट सबै मिलापत्रगरी फर्छयौट भएको। |
| | | **ञ. कृषि शाखा**<br>. यस गाउँपालिका अन्तर्गतका सबै वडाहरुमा विषादी सचेतना कार्यक्रम सञ्चालन गरिएको सहभागि १८१ जना,<br>. कृषि विषादी खरिद तथा वितरण<br>. कृषि विउबिजन खरिद तथा वितरण लाभग्राहि कृषक संख्या २१०<br>. ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल खरिद तथा वितरण लाभग्राहि कृषक संख्या २१ जना,<br>. ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकरण खरिद तथा वितरण लाभग्राहि संख्या २६ जना |

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत